विधेयकमा प्राप्त संशोधन सूचनाको एकीकृत विवरण
(प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११४ सँग सम्बन्धित)

विधेयकको नामः नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०८३

संशोधन सूचना पेस गर्नहुने माननीय सदस्यहरू (दर्ताको क्रमानुसार)

दर्ता नं.	माननीय सदस्यहरूको नाम, थर
१.	मा. परशुराम तामाङ्ग
२.	मा. प्रा. डा. पुष्पराज कडेल
३.	मा. बिधुशी राणा
४.	मा. अनुश्का श्रेष्ठ
५.	मा. लिमा अधिकारी (आचार्य)
६.	मा. गणेश कार्की
७.	मा. संतोष सुब्वा, मा. वासना थापा
८.	मा. खुश्बु ओली
९.	मा. मदन कृष्ण श्रेष्ठ
१०.	मा. एशुदा कुमारी बराल
११.	मा. डा. कृष्णहरि बुढाथोकी
१२.	मा. रमेश कुमार मल्ल
१३.	मा. सुशील खड्का
१४.	मा. समिक्षा बास्कोटा
१५.	मा. कमल सुवेदी
१६.	मा. गणेश पराजुली
१७.	मा. गोपाल शर्मा
१८.	मा. गुरु प्रसाद बराल

संशोधनको विवरणः

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१.	मा. परशुराम तामाङ्ग	२	**मूल ऐनको दफा २ को संशोधनको लागि राखिएको खण्ड (छ) मा रहेको,** - "**डिजिटल बैङ्क**" भन्ने शब्दहरू पछि "**प्रदेश बैङ्क समेत**" भन्ने शब्दहरू थप गर्नुपर्ने।
२.	मा. प्रा. डा. पुष्पराज कडेल	२	**मूल ऐनको दफा २ को खण्ड (ल२) मा रहेको,** - **"विशेष प्रशासन समूह"** भन्ने शब्दहरूको सट्टा **"विशेष व्यवस्थापन समूह"** भन्ने शब्दहरू राख्नुपर्ने।
३.	मा. गणेश कार्की	२	**मूल ऐनको दफा २ को संशोधनको लागि राखिएको खण्ड (छ) पछि देहायको खण्ड (छ१) थप गर्नुपर्नेः** "(छ१) "डिजिटल बैङ्क" भन्नाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त गरी सूचना प्रविधि तथा विद्युतीय माध्यमको प्रमुख प्रयोगद्वारा बैंकिङ तथा वित्तीय सेवा प्रदान गर्ने बैङ्क वा वित्तीय संस्था सम्झनु पर्छ।"
४.	मा. सुशील खड्का	२	**मूल ऐनको दफा २ को संशोधनको लागि राखिएको खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखुपर्नेः** "(छ) "वित्तीय संस्था" भन्नाले कृषि, सहकारी, उद्योग वा अन्य कुनै खास आर्थिक प्रयोजनका लागि कर्जा दिने वा सर्वसाधारण जनताबाट निक्षेप सङ्कलन गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापना भएको वित्तीय संस्था वा विकास बैङ्क वा वित्त कम्पनी वा डिजिटल बैङ्क सम्झनु पर्छ र सो शब्दले वित्तीय होल्डिङ कम्पनी, विप्रेषण कारोबार गर्ने, भुक्तानी प्रणाली सञ्चालन वा भुक्तानी सेवा प्रदान गर्ने संस्था वा बैङ्ककको सिफारिसमा नेपाल सरकारले तोकेको अन्य संस्था समेतलाई जनाउँछ।"
५.	मा. गणेश पराजुली		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
६.	मा. समिक्षा बास्कोटा	२	<u>मूल ऐनको दफा २ को संशोधनको लागि राखिएको खण्ड (ज) मा रहेको,</u> - "**क्रेडिट कार्ड**" भन्ने शब्दहरू पछि "**डेविट कार्ड**" भन्ने शब्दहरू थप्न गर्नुपर्ने।
७.	मा. कमल सुवेदी	२	<u>मूल ऐनको दफा २ मा देहायको खण्ड थप गरी खण्डक्रम मिलाउनु पर्ने:</u> - ""केन्द्रीय बैङ्क डिजिटल मुद्रा (CBDC)" भन्नाले बैङ्कले जारी गर्ने डिजिटल स्वरूपको कानुनी ग्राह्य मुद्रा सम्झनु पर्छ र सो शब्दले डिजिटल बैंकिङ प्रणाली समेतलाई जनाउँछ।"
८.	मा. गणेश पराजुली	२	<u>मूल ऐनको दफा २ को संशोधनको लागि राखिएको खण्ड (झ) मा देहायको स्पष्टीकरण थप गर्नुपर्ने:</u> "स्पष्टीकरणः बैङ्कबाट जारी भएको डिजिटल करेन्सी भन्नाले नेपाल राष्ट्र बैङ्कद्वारा जारी, नियन्त्रण र निपटान गरिएको केन्द्रीय बैङ्क डिजिटल करेन्सी (CBDC) सम्झनु पर्छ। निजी रूपमा जारी भएको भर्चुअल करेन्सी (सम्पत्ति) वा क्रिप्टो करेन्सी (सम्पत्ति) लाई यस ऐनको प्रयोजनका लागि करेन्सी वा कानुनी ग्राह्य मुद्रा मानिने छैन। <u>खण्ड (ल३) पछि देहायका खण्डहरू थप गर्नुपर्ने:</u> "(ल४) "भर्चुअल करेन्सी (सम्पत्ति)" भन्नाले क्रिप्टोग्राफिक वा वितरित अभिलेख प्रविधिमा आधारित, विद्युतीय रूपमा सृजना, भण्डारण, स्थानान्तरण वा कारोबार हुन सक्ने डिजिटल मूल्य वा अधिकार सम्झनुपर्छ तर बैङ्कबाट जारी भएको डिजिटल करेन्सी यसभित्र पर्ने छैन।" "(ल५) "भर्चुअल करेन्सी (सम्पत्ति) सेवा प्रदायक" भन्नाले भर्चुअल सम्पत्तिको विनिमय, स्थानान्तरण, अभिरक्षा, Wallet, कारोबार सुविधा वा Settlement सेवा दिने

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			इजाजतपत्रप्राप्त व्यक्ति वा संस्था सम्झनुपर्छ।" "(ल६) "स्थिर मूल्य डिजिटल भुक्तानी साधन" भन्नाले बैङ्कले तोकेको मापदण्डबमोजिम पूर्ण सञ्चिति, नियमित लेखापरीक्षण र Redeemability भएको, विदेशी मुद्रा वा अन्य तोकिएको आधार सम्पत्तिसँग मूल्य आबद्ध डिजिटल भुक्तानी साधन सम्झनुपर्छ।"
९.	मा. गुरु प्रसाद बराल	२	**<u>मूल ऐनको दफा २ को संशोधनको लागि राखिएको खण्ड (छ) मा रहेको,</u>** - **"सहकारी"** भन्ने शब्दको ठाउँमा **"वचत तथा ऋण सहकारी"** भन्ने शब्दहरू राख्नुपर्ने।
१०.	मा. प्रा. डा. पुष्पराज कडेल	४	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि राखिएको दफा ४ को उपदफा (१) मा रहेको,</u>** - खण्ड (क) लाई खण्ड (ख) र खण्ड (ख) लाई खण्ड (क) बनाउनुपर्ने। **<u>उपदफा (२) पछि देहायको उपदफा (३) थप्नुपर्ने:</u>** "(३) मौद्रिक नीतिको कार्यान्वयन सम्बन्धी प्रतिवेदन नेपाल सरकार समक्ष प्रत्येक तीन तीन महिनामा पेस गर्नुपर्ने।"
११.	मा. डा. कृष्णहरि बुढाथोकी	४	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि राखिएको उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने:</u>** "(२) उपदफा १ बमोजिमको उद्देश्यलाई मनन गर्दै बैङ्कले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ।"
१२.	मा. गुरु प्रसाद बराल	४	**<u>मूल ऐनको दफा ४ को संशोधनको लागि राखिएको उपदफा (१) को खण्ड (ख) पछि देहायका खण्ड (ग) थप गर्नुपर्ने:</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"(ग) राष्ट्रिय आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने।"
१३.	मा. प्रा. डा. पुष्पराज कडेल	५	**<u>मूल ऐनको दफा ५ को संशोधनको लागि राखिएको उपदफा (१) मा रहेको,</u>** - खण्ड (च१) र (च२) हटाउनुपर्ने।
१४.	मा. गणेश कार्की	५	**<u>मूल ऐनको दफा ५ को संशोधनको लागि राखिएको उपदफा (१) को खण्ड (ञ) पछि देहायका खण्ड (ट), (ठ), (ड) र (ढ) थप गर्नुपर्नेः</u>** "(ट) साइबर आक्रमण, विद्युतीय ठगी, फिसिङ, अनधिकृत विद्युतीय पहुँच, डिजिटल भुक्तानी सम्बन्धी कसुर वा वित्तीय प्रणालीको दुरुपयोगबाट बचतकर्ता, सेवाग्राही वा वित्तीय प्रणालीलाई हुन सक्ने क्षति न्यूनीकरण गर्न आवश्यक नियामकीय व्यवस्था गर्ने, (ठ) बैङ्क तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालक तथा सम्बन्धित निकायबिच वित्तीय ठगी नियन्त्रण, रकम ट्रेसिङ तथा पीडित संरक्षणका लागि आवश्यक समन्वय तथा निर्देशन जारी गर्ने, (ड) डिजिटल माध्यमबाट भएको वित्तीय ठगी वा अनधिकृत कारोबार सम्बन्धमा प्राप्त उजुरीका आधारमा रकम संरक्षण गर्न आवश्यक अस्थायी रोक्का सम्बन्धी मापदण्ड तथा प्रक्रिया निर्धारण गर्ने, (ढ) वित्तीय प्रणालीमा हुने साइबर जोखिम, डिजिटल ठगी तथा विद्युतीय माध्यमबाट हुने वित्तीय अपराधको रोकथामका लागि आवश्यक सूचना सङ्कलन, विश्लेषण तथा जोखिम व्यवस्थापन गर्ने।"
१५.	मा. समिक्षा बास्कोटा	५	**<u>मूल ऐनको दफा ५ मा थप गर्न राखिएको खण्ड (झ२), (झ३) , (झ४) र (झ५) मा देहाय बमोजिम संशोधन गर्नुपर्ने,</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- खण्ड (झ२) मा रहेको "**अभिवृद्धि**" भन्ने शब्दको सट्टा "**स्थापित**" भन्ने शब्द राखुपर्ने। - खण्ड (झ३) मा रहेको **"अभिवृद्धि गर्ने"** भन्ने शब्दहरूको पछि **"गर्दै गोपनीयता कायम राख्ने**" भन्ने शब्दहरू राखुपर्ने। - खण्ड (झ४) मा रहेको "**म्याक्रोप्रुडेन्सियल**" भन्ने शब्दको सट्टा "**Macroprudential**" भन्ने शब्द राखुपर्ने। - खण्ड (झ५) मा रहेको **"नियन्त्रणमा लिने वा"** भन्ने शब्दहरूको पछि **"समयमै"** भन्ने शब्द थप गर्नुपर्ने।
१६.	मा. गणेश पराजुली	५	<u>मूल ऐनको दफा ५ को संशोधनको लागि राखिएको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखुपर्नेः</u> "(झ) भुक्तानी तथा फछ्यौंट (क्लियरिड), डिजिटल भुक्तानी, सीमा-पार भुक्तानी, कम लागतको वैधानिक विप्रेषण माध्यम तथा तोकिएबमोजिमका स्थिर मूल्य डिजिटल भुक्तानी साधन, हिसाब मिलान (सेटलमेन्ट) प्रणालीको स्थापना र प्रवर्धन गर्ने, गराउने र सोको नियमन गर्ने।" <u>उपदफा (२क) पछि देहायको उपदफा (२ख) थप गर्नुपर्नेः</u> "(२ख) बैङ्कले वित्तीय प्रविधि, डिजिटल भुक्तानी, सुरक्षित डिजिटल परिचय, भर्चुअल सम्पत्ति सेवा तथा नवीन वित्तीय उत्पादनको सीमित, समयबद्ध र जोखिम(नियन्त्रित परीक्षणका लागि नियामकीय परीक्षण क्षेत्र (Regulatory Sandbox) सञ्चालन गर्न सक्नेछ।"
१७.	मा. समिक्षा बास्कोटा	६	<u>मूल ऐनको दफा ७ को संशोधनको लागि राखिएको उपदफा (२) मा रहेको,</u> - खण्ड (ङ) झिक्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
१८.	मा. गोपाल शर्मा	६	<u>मूल ऐनको दफा ७ को संशोधनको लागि थप गरिएको,</u> - खण्ड (च) झिक्नुपर्ने।
१९.	मा. गणेश पराजुली	६	<u>मूल ऐनको दफा ७ को संशोधनको लागि राखिएको उपदफा (३) पछि देहायका उपदफा थप गर्नुपर्ने:</u> "(४) भर्चुअल करेन्सी (सम्पत्ति) सेवा प्रदायकको इजाजत तथा नियमनः (क) बैङ्ककको इजाजतबिना कसैले पनि भर्चुअल सम्पत्ति सेवा प्रदायकको रूपमा कारोबार गर्न पाउने छैन। (ख) इजाजतप्राप्त सेवा प्रदायकले न्यूनतम पूँजी, ग्राहक सम्पत्ति अलग राख्ने व्यवस्था, साइबर सुरक्षा, लेखापरीक्षण, KYC/AML जोखिम खुलासा, कारोबार अभिलेख र नियामकीय प्रतिवेदनसम्बन्धी मापदण्ड पालना गर्नुपर्नेछ। (ग) बैङ्कले उच्च जोखिमयुक्त कारोबार वा विज्ञापनमा रोक, सीमा वा शर्त तोक्न सक्नेछ। (५) सेवा प्रदायकले मूल्य अस्थिरता, wallet/Private Key जोखिम, ठगी जोखिम, कर दायित्व र नियामकीय सीमाबारे नेपाली तथा अंग्रेजी भाषामा स्पष्ट जोखिम सूचना दिनुपर्नेछ। भ्रमपूर्ण प्रचार वा सुनिश्चित नाफाको दाबी निषेध हुनेछ। (६) इजाजतप्राप्त भर्चुअल सम्पत्ति सेवा प्रदायकले प्रचलित कानूनबमोजिम कर, विदेशी विनिमय, सम्पत्ति शुद्धिकरण निवारण तथा वित्तीय जानकारीसम्बन्धी निकायलाई आवश्यक कारोबार विवरण उपलब्ध गराउने प्रणाली कायम गर्नुपर्नेछ।"
२०.	मा. गुरु प्रसाद बराल	६	<u>मूल ऐनको दफा ७ को संशोधनको लागि थप गरिएको खण्ड (ङ) मा रहेको,</u> - "**र विकासात्मक कार्य (क्वाजी फिस्कल अपरेसन)**" भन्ने शब्दहरू झिक्नुपर्ने।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
२१.	मा. सुशील खड्का	८	<u>मूल ऐनको दफा ११ को संशोधनका लागि राखिएको उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्नेः</u> "(५) बैङ्कले आफ्नो उद्देश्य प्राप्तिको लागि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृतीमा अन्तर्राष्ट्रिय सङ्घ, संस्थासँग ऋण, अनुदान वा प्राविधिक सहायता प्राप्त गर्न सक्नेछ।"
२२.	मा. गणेश पराजुली	८	<u>मूल ऐनको दफा ११ को संशोधनको लागि राखिएको,</u> - विधेयकको उपदफा (२) झिक्नुपर्ने (मूल ऐनको लागि थप गरिएको उपदफा (५))।
२३.	मा. गोपाल शर्मा		
२४.	मा. परशुराम तामाङ्ग	१०	<u>मूल ऐनको दफा १४ को खण्ड (घ) को संशोधनको लागि राखिएको खण्ड (घ) मा रहेको,</u> - **"पाँच जना"** भन्ने शब्दहरूको सट्टा **"चार जना"** भन्ने शब्दहरू राख्नुपर्ने।
२५.	मा. प्रा. डा. पुष्पराज कडेल	१०	<u>मूल ऐनको दफा १४ को संशोधनको लागि राखिएको खण्ड (घ) मा रहेको,</u> - **"पाँच जना"** भन्ने शब्दको सट्टा **"कम्तीमा एक जना महिलासहित पाँचजना"** भन्ने शब्दहरू राख्नुपर्ने।
२६.	मा. लिमा अधिकारी (आचार्य)	१०	<u>मूल ऐनको दफा १४ को संशोधनको लागि राखिएको खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नुपर्नेः</u> "(घ) दफा २० बमोजिमको योग्यता पुगेका व्यक्तिमध्येबाट सोही दफाको खण्ड (ग) मा उल्लेखित छुट्टाछुट्टै क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले नियुक्त गरेका **कम्तिमा एक महिला सहित चार जना** गैह्र कार्यकारी स्वतन्त्र सञ्चालक-सदस्य।"
२७.	मा. खुश्बु ओली	१०	<u>मूल ऐनको दफा १४ को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राख्नुपर्नेः</u>
२८.	मा. रमेश कुमार मल्ल		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
२९.	मा. सुशील खड्का		- " (ग) तीन जना डेपुटी गभर्नर -सदस्य"
३०.	मा. एशुदा कुमारी बराल	१०	<u>मूल ऐनको दफा १४ को संशोधनको लागि राखिएको खण्ड (घ) सट्टा देहायको खण्ड (घ) राखुपर्नेः</u> "(घ) दफा २० बमोजिमको योग्यता पुगेका व्यक्तिबाट सोही दफाको खण्ड (ग) मा उल्लिखित छुट्टाछुट्टै क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले नियुक्त गरेका पाँचजना गैह्र कार्यकारी सञ्चालक मध्ये एकजना महिला हुने थप गर्नुपर्ने।"
३१.	मा. सुशील खड्का	१०	<u>मूल ऐनको दफा १४ को संशोधनको लागि राखिएको खण्ड (घ) सट्टा देहायको खण्ड (घ) राखुपर्नेः</u> "(घ) दफा २० बमोजिमको योग्यता पुगेका व्यक्तिमध्येबाट छुट्टाछुट्टै क्षेत्रको प्रतिनिधित्व हुने गरी नेपाल सरकारले नियुक्त गरेका पाँच जना गैह्र कार्यकारी स्वतन्त्र सञ्चालक"
३२.	मा. कमल सुवेदी	१०	<u>मूल ऐनको दफा १४ मा देहाय बमोजिम संशोधन गर्नुपर्नेः</u> - **खण्ड (घ) मा** अन्य सदस्यहरूको नियुक्ति गर्दा कम्तीमा दुई (२) जना महिला सञ्चालक अनिवार्य हुनुपर्ने र सञ्चालक समितिको कुल सदस्य संख्या ७ (सात) हुने" व्यवस्था प्रतिस्थापन गर्ने।
३३.	मा. गोपाल शर्मा	१०	दफा १० हटाउनु पर्ने।
३४.	मा. गुरु प्रसाद बराल	१०	[illegible]

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
३५.	मा. गणेश पराजुली		- "**पाँचजना**" भन्ने शब्दको सट्टा "**तीनजना**" भन्ने शब्द राख्नुपर्ने।
३६.	मा. परशुराम तामाङ्ग	११	<u>**मूल ऐनको दफा १५ को संशोधनको लागि राखिएको उपदफा (३) मा रहेको,**</u> - "**तथा बैङ्कको डेपुटी गभर्नर**" भन्ने शब्दहरू हटाउनुपर्ने। <u>**देहायको शब्दहरू थप्नुपर्ने:**</u> - "सञ्चालक समितिमा अर्थसचिव, कुनै वित्तीय संस्थाको कार्यकारी अधिकृत प्रमुख भई बहालमा रहेका वा निवृत्त भएको तीन वर्ष अवधि नपुगेकाहरूलाई नियुक्त गरिने छैन।"
३७.	मा. गुरु प्रसाद बराल	११	<u>**मूल ऐनको दफा १५ को संशोधनको लागि राखिएको उपदफा (३) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने:**</u> - "तर बैङ्कका मुख्य कार्यकारी अधिकृत (CEO) को हकमा पदबाट अलग भएको कम्तीमा २ वर्ष व्यतित गरेपछि मात्र गभर्नरको लागि सिफारिस हुन सक्नेछ।"
३८.	मा. लिमा अधिकारी (आचार्य)	१२	<u>**मूल ऐनको दफा १६ को संशोधनको लागि राखिएको दफा १२ को सट्टा देहायको दफा १२ राख्नुपर्ने:**</u> "१२. **मूल ऐनको दफा १६ मा संशोधनः** उपदफा (१) बमोजिम गभर्नरले डेपुटी गभर्नर पदमा नियुक्तिको लागि सिफारिस गर्दा बैङ्कका विशिष्ट श्रेणीका अधिकृतहरूमध्येबाट कार्यक्षमताको आधारमा कम्तीमा एक जना र संचालकको योग्यता पुगेकाबाट एक जना गरी रिक्त पदको दोब्बर सङ्ख्यामा नामावली सिफारिस गर्नुपर्नेछ।"
३९.	मा. खुश्बु ओली	१२	<u>**मूल ऐनको दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्ने:**</u> "(२) उपदफा (१) बमोजिम गभर्नरले डेपुटी गभर्नर पदमा नियुक्तिको लागि
४०.	मा. रमेश कुमार मल्ल		

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			सिफारिस गर्दा २ जना बैङ्ककका विशिष्ट श्रेणीका अधिकृतहरू मध्येबाट कार्यक्षमताको आधारमा तथा थप १ जना दफा २० बमोजिम योग्यता पुगेका लब्धप्रतिष्ठित व्यक्तिहरू गरी रिक्त पदको दोब्बर संख्यामा नामावली सिफारिस गर्नु पर्नेछ।"
४१.	मा. सुशील खड्का	१२	**<u>मूल ऐनको दफा १६ को संशोधनको लागि राखिएको विधेयकको दफा १२ को सट्टा देहायको दफा १२ राख्नुपर्नेः</u>** "१२ **<u>मूल ऐनको दफा १६ मा संशोधनः</u> मूल ऐनको दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नुपर्नेः** "(२) उपदफा (१) बमोजिम गभर्नरले डेपुटी गभर्नर पदमा नियुक्तिको लागि सिफारिस गर्दा देहाय बमोजिम गर्नुपर्नेछः (क) कुल तीन डेपुटी गभर्नर मध्ये दुई पदका लागि बैङ्ककका डेपुटी गभर्नरको पद रिक्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै बैङ्ककको कार्यकारी निर्देशकको पदमा कार्यरत रहेका अधिकृतमध्येबाट कार्यक्षमताको आधारमा रिक्त पदको दोब्बर संख्यामा नामावली सिफारिस गर्नुपर्नेछ। (ख) बाँकि एक पदका लागि बैङ्ककको सेवाभन्दा बाहिरका योग्य अर्थशास्त्री, बैंकिङ्ग वा वित्तीय क्षेत्रका विशेषज्ञहरूमध्येबाट सिफारिस गर्नुपर्नेछ। यसरी बाहिरबाट सिफारिस हुने व्यक्तिको उमेर सिफारिस भएको मितिमा ५० वर्ष नागिसकेको हुनु हुँदैन।"
४२.	मा. गुरु प्रसाद बराल	१२	**<u>मूल ऐनको दफा १६ को उपदफा (१) पछि देहायको उपदफा (१क) थप गर्नुपर्नेः</u>** "(१क) डेपुटी गभर्नर पदमा नियुक्तिको लागि वहालवाला डेपुटी गभर्नरको पद रिक्त हुनुभन्दा कम्तीमा एक वर्ष अगावै बैङ्को कार्यकारी निर्देशकमा कार्यरत

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			अधिकृत हुनुपर्नेछ।" **<u>मूल ऐनको दफा १६ को उपदफा (२) मा रहेको</u>** - "**तीस दिन**" भन्ने शब्दहरूको सट्टा "**एक वर्ष**" भन्ने शब्दहरू राख्नुपर्ने।
४३.	मा. गुरु प्रसाद बराल	१३	**<u>मूल ऐनको दफा १८ को संशोधनको लागि राखिएको उपदफा (२) मा रहेको,</u>** - "**र सञ्चालक**" भन्ने शब्दहरू झिक्नुपर्ने।
४४.	मा. सुशील खड्का	१३	**<u>मूल ऐनको दफा १८ को उपदफा (१) मा रहेको,</u>** - **"गभर्नर, डेपुटी गभर्नर र सञ्चालकको कार्यकाल पाँच वर्षको हुनेछ"** भन्ने शब्दहरूको सट्टा **"गभर्नर, डेपुटी गभर्नर र सञ्चालकको कार्यकाल चार वर्षको हुनेछ।"**
४५.	मा. परशुराम तामाङ	१४	**<u>मूल ऐनको दफा २० को संशोधनको लागि रखिएको खण्ड (ग) मा रहेको,</u>** - **"वाणिज्य कानुन"** भन्ने शब्दहरू हटाउनु पर्ने। - **"कम्तीमा दश बर्ष"** भन्ने शब्दहरूको सट्टा **"सात वर्ष"** भन्ने शब्दहरू राख्नुपर्ने।
४६.	मा. बिधुशी राणा	१४	**<u>मूल ऐनको दफा २० को संशोधनको लागि राखिएको खण्ड (ग) मा देहायको स्पष्टीकरण खण्ड थप गर्नुपर्ने:</u>** "स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्य अनुभव" भन्नाले नेपाल सरकार वा बैङ्कको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा "क" श्रेणीको वाणिज्य बैङ्कको कार्यकारी प्रमुख, अन्तर्राष्ट्रिय वित्तीय सङ्घ, संस्थाको कार्यकारी तहको पद वा सो सरहको पदमा कार्य अनुभव भई सो क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव भएको व्यक्ति सम्झनुपर्छ।"
४७.	मा. संतोष सुब्वा, मा. वासना थापा		
४८.	मा. मदन कृष्ण श्रेष्ठ		
४९.	मा. लिमा अधिकारी (आचार्य)	१४	**<u>मूल ऐनको दफा २० को संशोधनको लागि राखिएको खण्ड (ग) को सट्टा देहायको खण्ड (ग)</u>**

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>राख्नुपर्ने:</u> "(ग) अर्थशास्त्र, मौद्रिक, बैङ्किङ, वित्तीय, तथ्याङ्क, सार्वजनिक प्रशासन, वाणिज्य व्यवस्थापन, वाणिज्य कानुन तथा लेखा विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकारको विशिष्ट श्रेणी, बैङ्ककको कार्यकारी निर्देशक, विश्वविद्यालयको प्राध्यापक वा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको कार्यकारी तहको पद वा सो सरहको पदमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्ति वा अर्थशास्त्र, मौद्रिक, बैङ्किङ, वित्तीय, तथ्याङ्क, सार्वजनिक प्रशासन, वाणिज्य व्यवस्थापन, वाणिज्य कानुन तथा लेखा विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा विद्यावारिधि तह वा सो सरहको उपाधि हासिल गरी संगठित संस्थामा कम्तिमा दश वर्षको अनुभव भएको व्यक्ति।"
५०.	मा. खुश्बु ओली	१४	<u>मूल ऐनको दफा २० मा रहेको स्पष्टीकरण खण्डको सट्टा देहायको स्पष्टीकरण खण्ड राख्नुपर्ने:</u> - "स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्य अनुभव" भन्नाले नेपाल सरकार वा बैङ्ककको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा "क" श्रेणीको वाणिज्य बैङ्ककको कार्यकारी प्रमुख, अन्तर्राष्ट्रिय वित्तीय सङ्घ, संस्थाको कार्यकारी तहको पद वा सो सरहको पदमा कार्य अनुभव भई सो क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्ति सम्झनुपर्छ।" वा "क" श्रेणीको वाणिज्य बैङ्ककको कार्यकारी प्रमुख भई अवकाश भएको कम्तीमा ३ वर्ष।
५१.	मा. रमेश कुमार मल्ल		<u>मूल ऐनको दफा २० मा रहेको स्पष्टीकरण खण्डको सट्टा देहायको स्पष्टीकरण खण्ड राख्नुपर्ने:</u> - "स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "कार्य अनुभव" भन्नाले नेपाल सरकार वा बैङ्ककको विशिष्ट श्रेणीको पद वा विश्वविद्यालयको प्राध्यापक वा "क" श्रेणीको वाणिज्य बैङ्ककको कार्यकारी प्रमुख, अन्तर्राष्ट्रिय वित्तीय सङ्घ, संस्थाको कार्यकारी तहको पद

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			वा सो सरहको पदमा कार्य अनुभव भई सो क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव भएको व्यक्ति सम्झनुपर्छ।"
५२.	मा. डा. कृष्णहरि बुढाथोकी	१४	<u>मूल ऐनको दफा २० को संशोधनको लागि राखिएको खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्नेः</u> "(ग) अर्थशास्त्र, मौद्रिक, बैंकिङ्ग, वित्तीय, तथ्याङ्क, सार्वजनिक प्रशासन, वाणिज्य, व्यवस्थापन, वाणिज्य कानून तथा लेखा विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तह वा सो सरहको उपाधि हासिल गरी नेपाल सरकारको विशिष्ट श्रेणी, बैङ्ककको कार्यकारी निर्देशक, विश्वविद्यालयको प्राध्यापक वा 'क' वर्गको वाणिज्य बैङ्क तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको कार्यकारी तहको पद (नेपाली नागरिक मात्र) वा सो सरहको पदमा कम्तीमा ४ वर्षको अनुभव भएको व्यक्ति। वा माथि उल्लिखित विषयमा विद्यावारिधि गरी 'क' वर्गको वाणिज्य बैङ्क तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाको अधिकृत तहमा (नेपाली नागरिक मात्र) वा सो सरहको पदमा कम्तीमा १० वर्षको अनुभव भएको व्यक्ति।"
५३.	मा. सुशील खड्का	१४	<u>मूल ऐनको दफा २० को संशोधनको लागि राखिएको खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखुपर्नेः</u> "(ग) अर्थशास्त्र, मौद्रिक, बैंकिङ्ग, वित्तीय, तथ्याङ्क वा लेखा, सार्वजनिक प्रशासन, वाणिज्य, व्यवस्थापन, वाणिज्य कानून, गणित तथा प्राविधिक विषय जस्तै वातावरण, कृषि, वन, सूचना प्रविधि (IT), इन्जिनियरिङ्ग वा डिजिटल बैंकिङ्ग (Neo Bank/Digital Banking) विषयमा मान्यताप्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर तहको उपाधि हासिल गरी बैङ्ककको कार्यकारी निर्देशक, विश्वविद्यालयको प्राध्यापक

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निजी तथा वित्तीय संस्थाको कार्यकारी तहको पद वा सो सरहको पदमा कम्तीमा १२-१५ वर्षको अनुभव भएको व्यक्ति।"
५४.	मा. कमल सुवेदी	१४	<u>मूल ऐनको दफा २० को संशोधनको लागि राखिएको खण्ड (ग) मा देहायको मापदण्ड थप गर्नुपर्ने:</u> - "सञ्चालक पदमा नियुक्त हुने व्यक्तिको योग्यतामा "सम्बन्धित क्षेत्रमा कम्तिमा १५ (पन्ध्र) वर्षको उच्चस्तरीय अध्ययन, अनुसन्धान वा कार्यअनुभव भएको र उच्च नैतिक चरित्र भएको हुनुपर्ने"
५५.	मा. गोपाल शर्मा	१४	<u>मूल ऐनको दफा २० को संशोधनको लागि राखिएको खण्ड (ग) मा देहायको मापदण्ड थप गर्नुपर्ने:</u> - **"वा सो सरहको पदमा कम्तिमा दश वर्षको अनुभव भएको व्यक्ति"** भन्ने शब्दहरू झिक्नुपर्ने। - **"कार्यकारी तहको पद"** भन्ने शब्दहरूको पछि **"कार्य अनुभव भएका"** भन्ने शब्दहरू थप्नुपर्ने।
५६.	मा. गुरु प्रसाद बराल	१४	<u>मूल ऐनको दफा २० को संशोधनको लागि राखिएको खण्ड (ग) मा रहेको,</u> - "तथ्याङ्क वा लेखा" भन्ने शब्दहरू झिक्नुपर्ने।
५७.	मा. लिमा अधिकारी (आचार्य)	१५	<u>मूल ऐनको दफा २१ को संशोधनको लागि थप गरिएको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राख्नुपर्ने:</u> "(झ) समितिको पदेन बाहेकको सञ्चालकको हकमा अवकाश भएको दुई बर्ष पूरा नभएको बैङ्कको पूर्व कर्मचारी।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
५८.	मा. सुशील खड्का	१५	<u>मूल ऐनको दफा २१ को संशोधनको लागि राखिएको उपदफा (१) लाई देहाय बमोजिम बनाउनुपर्ने:</u> "(१) खण्ड (घ) मा रहेका "**पाँच प्रतिशत**" भन्ने शब्दहरूको सट्टा "**०.५ प्रतिशत**" भन्ने शब्दहरू राखुपर्ने।
५९.	मा. सुशील खड्का	१६	<u>मूल ऐनको दफा २२ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखुपर्ने:</u> "(५) व्यवस्थापन समितिले महिनाको कम्तीमा दुइ पटक बैठक बसी बैङ्ककको प्रशासन र सञ्चालन, मौद्रिक तथा नियमन नीति सञ्चालन, देशको वैङ्किङ् प्रणालीको स्वस्थता, मुद्रा, पुँजी तथा विदेशी विनिमय बजारको अवस्था लगायतका नीतिहरूको कार्यान्वयन तथा त्यसले बैकिङ प्रणालीमा पार्नसक्ने प्रभाव, परिस्थिति र महत्त्वपूर्ण घटनाका सम्बन्धमा मूल्याङ्कन गर्नु पर्नेछ।"
६०.	मा. प्रा. डा. पुष्पराज कडेल	१७	<u>मूल ऐनको दफा २३ को संशोधनको लागि राखिएको उपदफा (१) मा रहेको,</u> - खण्ड (क) झिक्नुपर्ने।
६१.	मा. गणेश पराजुली		
६२.	मा. सुशील खड्का	१७	<u>मूल ऐनको दफा २३ को संशोधनको लागि राखिएको उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखुपर्ने:</u> "(क) उच्च अदालतबाट अवकाशप्राप्त मुख्य न्यायाधीशमध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष"
६३.	मा. गुरु प्रसाद बराल	१९	<u>मूल ऐनको दफा २८ को संशोधनको लागि राखिएको उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने:</u> "(५) समितिको अध्यक्षता गर्ने व्यक्ति र अर्थ सचिवसहित कम्तीमा चार जना सञ्चालकको उपस्थिति भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।"

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
६४.	मा. गणेश पराजुली	१९	<u>मूल ऐनको दफा २८ को संशोधनको लागि राखिएको विधेयकको दफा १९ मा रहेको,</u> - **"दुई जना"** भन्ने शब्दहरूको सट्टा **"एक जना"** भन्ने शब्दहरू र **"चार जना"** भन्ने शब्दहरूको सट्टा **"तीन जना"** भन्ने शब्दहरू राख्नुपर्ने।
६५.	मा. गणेश पराजुली	२०	<u>मूल ऐनको दफा २९ को संशोधनको लागि उपदफा (२) को खण्ड (छ) को अन्त्यमा देहायका शब्दहरू थप गर्नुपर्ने,</u> - "तथा डिजिटल करेन्सी सम्बन्धी नीति तर्जुमा गर्दा मौद्रिक स्थायित्व, वित्तीय समावेशिता, व्यक्तिगत गोपनीयता, साइबर सुरक्षा, offline प्रयोग, बैंकिङ प्रणालीमा पर्ने प्रभाव, interoperability र उपभोक्ता संरक्षणसम्बन्धी प्रभाव मूल्यांकन अनिवार्य हुनेछ" । <u>उपदफा (२) पछि देहायका उपदफा (३) थप गर्नुपर्ने:</u> "(३) (क) बैंकले वित्तीय सेवा ग्राहकको अधिकार, शुल्क पारदर्शिता, गुनासो सुनुवाइ, सेवा परिवर्तन, डिजिटल ठगीबाट संरक्षण र निष्पक्ष कारोबारसम्बन्धी न्यूनतम मापदण्ड जारी गर्नेछ। (ख) अदालत, कानूनबमोजिम अधिकारप्राप्त निकाय, ग्राहकको स्पष्ट सहमति वा बैंकिङ कारोबारको कानुनी सुरक्षा बाहेक ग्राहकको खाता मनोमानी रूपमा रोक्का राख्न पाइने छैन। (ग) खाता रोक्का राखिएको अवस्थामा कानूनले निषेध गरेको बाहेक लिखित कारण र उपचारको बाटो जानकारी गराउनुपर्नेछ।"
६६.	मा. गणेश पराजुली	२१	<u>मूल ऐनको दफा ३० को संशोधनको लागि थप गरिएको खण्ड (च१) मा देहायका शब्दहरू थप गर्नुपर्ने:</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			- "उत्पादनमूलक उद्योग, कृषि, निर्यात, साना तथा मझौला उद्यम, नवप्रवर्तन, महिला तथा युवा उद्यमशीलता र रोजगारी सिर्जना गर्ने व्यवसायका लागि सहुलियतपूर्ण तथा पुनर्कर्जा सुविधाको प्रभावकारी कार्यान्वयन"
६७.	मा. सुशील खड्का	२२	<u>मूल ऐनको दफा ३३ को संशोधनको लागि राखिएको उपदफा (५) को सट्टा देहायको उपदफा (५) राख्नुपर्ने:</u> "(५) व्यवस्थापन समितिले महिनाको कम्तीमा दुई पटक बैठक बसी बैङ्ककको प्रशासन र सञ्चालन, मौद्रिक तथा नियमन नीति सञ्चालन, देशको बैङ्किङ प्रणालीको स्वस्थता, मुद्रा, पुँजी तथा विदेशी विनिमय बजारको अवस्था लगायतका नीतिहरूको कार्यान्वयन तथा त्यसले बैङ्किङ प्रणालीमा पार्नसक्ने प्रभाव परिस्थिति र महत्त्वपूर्ण घटनाका सम्बन्धमा मूल्याङ्कन गर्नु पर्नेछ।"
६८.	मा. सुशील खड्का	२५	<u>मूल ऐनको दफा ३७ को संशोधनको लागि राखिएको उपदफा (१क) को सट्टा देहायको उपदफा (१क) राख्नुपर्ने</u>: "(१क) गभर्नर, डेपुटी गभर्नर र कार्यकारी निर्देशकले आफनो पदमा रहुन्जेलसम्म बैङ्कलाई आफनो पेशागत सेवा पुर्णरुपमा प्रदान गर्नु पर्नेछ । बैङ्कले मनोनयन गरेकोमा बाहेक निजहरुले अन्य ठाउँमा पारिश्रमिक लिई वा नलिई कुनै पनि किसिमको पद ग्रहण गर्न वा नोकरी गर्न वा सेवा प्रदान गर्न पाउने छैन। तर मुनाफा नकमाउने उद्देश्यले गठन भएका मेडिकल एशोसियसन, इन्जिनियर्स एशोसियसन, बार एशोसियसन, बैङ्कर्स एशोसियशन, चार्टर्ड एकाउण्टेण्टस एशोसियसन, जस्ता पेशागत तथा व्यवसायिक संघ, संस्थामा कुनै पद ग्रहण गरी प्रदान गरेको सेवाको हकमा भने यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन।

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
६९.	मा. गुरु प्रसाद बराल	२६	<u>मूल ऐनको दफा ३९ को संशोधनको लागि राखिएको उपदफा (१) मा रहेको,</u> - "**पाँच अरब रूपैयाँ**" भन्ने शब्दहरूको सट्टा "**दश अरब रूपैयाँ**" भन्ने शब्दहरू राख्नुपर्ने।
७०.	मा. सुशील खड्का	२८	<u>विधेयकको दफा २८ को सट्टा देहायको दफा २८ राख्नुपर्ने:</u> "२८. <u>मूल ऐनको दफा ४०, ४१ र ४२ मा संशोधनः</u> **मूल ऐनको दफा ४०, ४१ र ४२ को सट्टा देहायको दफा ४०, ४१ र ४२ राखिएका छन् :-** ४०. <u>खुद आय व्यय र वितरणयोग्य आयको गणनाः</u> (१) बैङ्कले दफा ९० बमोजिम प्रत्येक आर्थिक वर्षमा आय व्ययको हिसाब तयार गरी खुद आय व्यय र वितरणयोग्य आयको गणना गर्नेछ। (२) बैङ्कको वितरणयोग्य आयको गणना देहाय बमोजिम गरिनेछः- (क) खुद आयबाट पुनर्मूल्याङ्कन नाफा बराबरको रकम घटाएर सो रकम पुनर्मूल्याङ्कन सञ्चित कोषमा जम्मा गरेर, (ख) अघिल्ला आ.व.हरूमा खुद नाफाबाट कटौती गरिएको तर चालु आ.व. मा वास्तविक रूपमा खर्च भएको पूनर्मूल्याङ्कन नाफाको रकम सम्बन्धित पुनर्मूल्याङ्कन सञ्चिति खाताबाट कटौती गरी सो रकम वितरणयोग्य आयमा थप गरेर, र (ग) प्रचलित लेखामान बमोजिम गर्नु पर्ने रकमलाई समायोजन गरेर। ४१. <u>वितरणयोग्य आयको विनियोजनः</u> (१) बैङ्कले दफा ४० बमोजिमको वितरणयोग्य आयलाई देहाय बमोजिम बाँडफाँट गर्नेछः- (क) वितरणयोग्य आयको पन्ध्र प्रतिशतमा नघट्ने गरी समितिले निर्धारण गरेको रकम साधारण जगेडा कोषमा जम्मा गर्नु पर्नेछ। तर साधारण जगेडा कोष र चुक्ता पुँजीको योगफल कुल मौद्रिक दायित्वको पन्ध्र प्रतिशत पूरा भएमा साधारण जगेडा कोषमा थप रकम

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			जम्मा गरिने छैन। (ख) समितिले वितरणयोग्य आयको बढीमा पाँच प्रतिशत रकम वित्तीय विकास कोषमा जम्मा गर्न सक्नेछ। (ग) समितिले वितरणयोग्य आयको बढीमा पाँच प्रतिशत रकम विशेष जगेडा कोषमा जम्मा गर्न सक्नेछ। (घ) खण्ड (क), (ख) र (ग) बमोजिमको रकम छुट्याएपछि वितरणयोग्य आयको बाँकी रकमबाट दफा ७५ बमोजिम आर्थिक वर्षको अन्त्यमा नेपाल सरकारले बैङ्कलाई तिर्न बाँकी रहेको कर्जा तथा ब्याज शोधभर्ना प्राप्त गरी बाँकी रहेको वितरणयोग्य आय बैङ्कले नेपाल सरकारलाई हस्तान्तरण गर्नेछ। (२) बैङ्कको आय उपदफा (१) बमोजिम निर्धारण गरिए बाहेक अन्य तरिकाबाट वितरण गरिने छैन।" ४२. <u>**खुद व्ययको बाँडफाँटः**</u> (१) कुनै आर्थिक वर्षमा पुनमूल्याङ्कन नोक्सानी भएमा त्यस्तो नोक्सानीलाई पुनमूल्याङ्कन जगेडा हिसाबबाट व्यहोरिनेछ। पुनर्मूल्याङ्कन जगेडा कोष हिसाब शून्य भएपश्चात् त्यस्तो नोक्सानी क्रमशः चालू आर्थिक वर्षको खुद आय, साधारण जगेडा कोष र पुँजी खाता हिसाबबाट खर्च शोधभर्ना गर्नु पर्नेछ। (२) कुनै आर्थिक वर्षमा बैङ्कले पुनमूल्याङ्कन नाफा वा नोक्सानी बाहेक खुद नोक्सानी बेहोर्नु परेमा त्यस्तो नोक्सानीलाई क्रमशः साधारण जगेडा कोष र बैङ्कको पुँजी खाता हिसाबबाट व्यहोरिनेछ। (३) उपदफा (१) र (२) बमोजिम बैङ्कको चुक्ता पुँजी हिसाबबाट क्रमशः पुनमूल्याङ्कन नोक्सानी र खुद नोक्सानी बेहोर्नु परेको कारणबाट बैङ्कको चुक्ता पुँजी घट्न गएमा नेपाल सरकारले सो पुँजी छ महिनाभित्र पुनः कायम गर्नु पर्नेछ।"
७१.	मा. गणेश पराजुली	२८	विधेयकको दफा २८ झिक्नुपर्ने।
७२.	मा. डा. कृष्णहरि बुढाथोकी	२९	<u>**मूल ऐनको दफा ४४ को संशोधनको लागि राखिएको उपदफा (२) को सट्टा देहायको उपदफा**</u>

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			<u>(२) राख्नुपर्नेः</u> "(२) बैङ्कको मौद्रिक नीति निर्माण, सोको घोषणा र प्रकाशन प्रत्येक आर्थिक वर्ष सुरु भएको दिन गर्नुपर्नेछ।"
७३.	मा. गुरु प्रसाद बराल	४५	<u>मूल ऐनको दफा ८६ख को संशोधनको लागि राखिएको उपदफा २ मा रहेको,</u> - **"वा गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त भएमा"** भन्ने शब्दहरूको सट्टा **"वा गर्न नसक्ने कुरामा बैङ्क विश्वस्त हुने आधार भएमा"** भन्ने शब्दहरू राख्नुपर्ने।
७४.	मा. प्रा. डा. पुष्पराज कडेल	६४	<u>मूल ऐनको दफा ९३ को संशोधनको लागि राखिएको उपदफा (२) को अन्त्यमा देहायका शब्दहरू थप्नुपर्नेः</u> - "उक्त प्रतिवेदनमाथि सङ्घीय संसद्, प्रतिनिधि सभामा छलफल हुनेछ।"
७५.	मा. डा. कृष्णहरि बुढाथोकी	६४	<u>मूल ऐनको दफा ९३ को संशोधनको लागि राखिएको दफा ९३ मा देहायबमोजिम गर्नुपर्नेः</u> - उपदफा (१) मा रहेको **"पाँच महिना"** भन्ने शब्दहरूको सट्टा **"तीन महिना"** भन्ने शब्दहरू र **"पन्ध्र दिन"** भन्ने शब्दहरूको सट्टा **"सात दिन"** भन्ने शब्दहरू राखुपर्ने। - **उपदफा (२)** मा रहेको **"छ महिना"** भन्ने शब्दहरूको सट्टा **"चार महिना"** भन्ने शब्दहरू राखुपर्ने।
७६.	मा. डा. कृष्णहरि बुढाथोकी	६६	<u>मूल ऐनको दफा १०७ को संशोधनको लागि राखिएको दफा १०७ मा देहायबमोजिम गर्नुपर्नेः</u> - उपदफा (१) मा रहेको **"वा बैङ्कका कर्मचारी"** भन्ने शब्दहरूको पछि **"वा वाणिज्य बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी,"** भन्ने शब्दहरू थप गर्नुपर्ने। - उपदफा (२) मा रहेको **"अधिकृत वा कर्मचारी"** भन्ने शब्दहरूको पछि **"वा वाणिज्य बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी"** भन्ने शब्दहरू र **"बैङकले"** भन्ने शब्दको सट्टा

क्र.स.	संशोधन प्रस्तुतकर्ता माननीय सदस्यहरू	विधेयकको प्रस्तावना/ दफा	संशोधनको बेहोरा
			"सम्बन्धित बैङ्क वा संस्थाले" भन्ने शब्दहरू राखुपर्ने।
७७.	मा. गुरु प्रसाद बराल	**६८**	- दफा ६८ झिक्नुपर्ने।

प्रतिनिधि सभा नियमावली, २०८३ को नियम ११३ को उपनियम (१) मा रहेका संशोधनसम्बन्धी सर्तहरूको अधीनमा रही ऐ.ऐ. नियमको उपनियम (२) बमोजिम क्र.स. १ देखि क्र.स. ७७ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत।

.....
(डोल प्रसाद अर्याल)
सभामुख